# बुटबल उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही,नेपाल

सूचना प्रकासित मिति २०७६।१०।०६

**आधुनिक र ब्यबस्थित पशु बधशाला निर्माणका लागि प्रथम चरणमा सहभागी वोलपत्रदाताहरुलाई मूल्य सहितको बोलपत्र पेश गर्न आव्हानको सूचना ।**

बुटवल उप-महानगरपालिकालाई बुटबल औद्योगिक क्षेत्र भित्र बधशाला निर्माणको लागि प्राप्त भएको जग्गा क्षेत्रफल २८ रोपनीमा प्रदेश नम्बर पाँचका जिल्ला समेतको माग तथा आपूर्तिलाई समेट्ने गरी एक आधुनिक र ब्यबस्थित पशु बधशाला निर्माण गर्ने योजना रहेको छ । यसका लागि प्रदेश सरकार र उप-महानगरपालिकाले बजेट विनियोजन गरी यसै आर्थिक बर्षबाट कार्य आरम्भ गर्ने कार्यक्रम रहेको छ । खसी तथा बोकाको मासु प्रशोधन गरी उपभोक्तालाई स्वस्थ्य र प्रमाणिक मासु आपूर्ति गर्ने आधुनिक र ब्यबस्थित पशु बधशाला निर्माण गर्ने सन्दर्भमा हुने निर्माण कार्य र मेशिनरी उपकरणको आपूर्ति, जडान तथा सञ्चालनका बिषयहरुमा उप-महानगरपालिका कार्यालयले बिस्तृत जानकारी लिइ सो सम्बन्धी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्नु पर्ने भएकाले प्राविधिक पक्ष तथा सो सम्बन्धी जानकारी भएका ईच्छुक फर्म, कम्पनी वा ब्यक्तिले देहायको बिबरणको आधारमा बधशाला सम्बन्धी प्राविधिक पक्ष तथा सो सम्बन्धी जानकारी प्रस्ताव भएको बोलपत्र पेश गर्न सूचना प्रकाशित गरिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २८ को उपदफा २ बमोजिम पहिलो चरणमा भाग लिएका तपशिल बमोजिमका फर्म, वा कम्पनीहरुबाटमात्र सोही ऐनको दफा २८ को उपदफा ५ बमोजिम मूल्य सहितको बोलपत्र पेश गर्न दोश्रो चरणको यो सूचना आव्हान गरिएको छ ।

**तपशिल**

१. एम.आर.एण्ड ग्रुप प्रा. लि., भरतपुर -०३, चितवन ।

२. साकुरा पावर कन्स्ट्रक्सन प्रा.लि. वेनिघाट-०८, धादिङ्ग ।

३. शिवशक्ति कन्स्ट्रक्सन प्रा.लि. नयाँवानेश्वर, काठमाण्डौं ।

**स्थापना गर्न चाहेको बधशाला सम्बन्धी सामान्य जानकारी :-**

क) Continuous Powered System मा आधारित आधुनिक बधशाला,

ख) क्षमता प्रति घण्टा ४० देखि १२० खसी बोका प्रशोधन गर्न सक्ने क्षमता भएको,

**वोलपत्र सम्बन्धि सामान्य शर्तहरु :-**

१. दोश्रो चरणको बोलपत्र सम्बन्धी कागजात मिति २०७६।११।०६ गते कार्यालय समयभित्र बुटबल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय खरिद इकाईबाट रु.१०,०००।-(दश हजार मात्र) पछि फिर्ता नहुने गरी प्राप्त गर्न सकिनेछ ।

२. धरौटी वापतको रकम आफुले कबोल गरेको अंक (भ्याट सहित) को २.५% ले हुन आउने रकम बुटवल उप-महानगरपालिकाको धरौटी खाता नं. ३१२०३०३००३००३ मा जम्मा गरेको सक्कल भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रोणीको बैंकको कम्तीमा १२० दिनको बैंक जमानत पेश गर्नुपर्ने छ ।

३. पूर्व योग्यता सम्बन्धी थप जानकारी बोलपत्रमा समावेश गरिएको छ ।

४. दोश्रो चरणको बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७६।११।०७ गते १२.०० वजेसम्म र खोल्ने मिति सोही दिन दिनको १.०० बजे खोलिने छ । ब्यवसायिक प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. कालोसूचीमा परेका वा कारवाहीको प्रकियामा रहेका बोलपत्रदाताहरुको बोलपत्रमाथि कारवाही गरिने छैन ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्मूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. यस सम्बन्धी थप कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र शहरी पुर्वाधार विकास महाशाखामा जानकारी लिन सकिनेछ ।

बुटबल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय